जि.प्र.का. झापा दर्ता नं. १५०/२०७६/०१/१६

निष्कर्ष न्यूज

सूचना र सञ्चार, नागरिकको अधिकार

NISHKARSHA NEWS WEEKLY साप्ताहिक

सहकारीको साख फर्काउने अभियानमा जुट्ने कि ?

✍ यादव घिमिरे

पृष्ठ २

वर्ष - ५ | अंक - ०६ | असोज ०४ गते आइतबार २०८३ | Sunday 20 Sept. 2026 | मूल्य : रु. १५।-

कोशीका २३२ अधुरा योजना अघि बढाउन सकारात्मक

✍ निष्कर्ष न्यूज डेक्स

विराटनगर/ कोशी प्रदेशमा पर्याप्त बजेटको अभावमा वर्षौंदेखि अधुरा र अलपत्र अवस्थामा रहेका २३२ वटा योजनाहरू यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने बिषयमा सकारात्मक छलफल भएको छ ।

म्याद सकिएका तथा बजेट अभावले सम्पन्न नभएका सडक, पुल तथा भवनसमेत २३२ वटा योजनाको म्याद थप र बजेट व्यवस्थापनका लागि कोशी प्रदेशका भौतिक पूर्वाधार मन्त्री जीवन आचार्य सकारात्मक देखिएपछि ती योजनाहरूले गति लिने देखिएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयमा मन्त्री आचार्य र निर्माण व्यवसायी महासंघ कोशी प्रदेशको टोलीबीच भएको छलफलपछि यी अधुरा योजनालाई अघि बढाउने सहमति जुटेको बताइएको छ । मन्त्री आचार्यले निर्माण व्यवसायीहरूलाई यो अन्तिम मौका भएको स्पष्ट पार्दै चालु आर्थिक वर्षको केही महिनाभित्रै काम सक्ने सर्तमा म्याद थप गर्न सकिने धारणा राखेका छन् ।

व्यवसायीहरूले पनि अब ढिलासुस्ती नगरी निर्धारित समयभित्रै गुणस्तरीय काम सम्पन्न गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन् । उनीहरूले अधुरा रहेका योजना सम्पन्न गर्न अन्तिम पटक मौका दिनुपर्ने माग गर्दै मन्त्री र मन्त्रालयको सहयोग खोजेका थिए । सरकारको ठूलो बजेट लगानी भइसकेको तर प्राविधिक हिसाबले अगाडि नबढेका त्यस्ता योजनाहरू सम्पन्न गर्ने पहल मन्त्री आचार्यले अगाडि बढाएका हुन् ।

मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२-८३ सम्ममा १२१ वटा कालोपत्रे सडकहरु अधुरा छन् । त्यसबाहेकका पुल, भवन आदिसमेत गरी थप १११ योजनाहरू स्रोत अभावमा त्यस्तै अलपत्र अवस्थामा रहेका कारण अघि बढ्न सकेका थिएनन् ।

गत आर्थिक वर्षमा मोरङका ४५, झापाका ४२, सुनसरीका १९, इलामका ९, खोटाङका ३, उदयपुरका २ र धनकुटाको १ सडक योजना स्रोत अभावमा अधुरा रहेका थिए । ती सडक सडक सम्पन्न गर्न मात्रै झण्डै ३२ करोड खर्च आवश्यक पर्ने थियो । थप १११ योजनाहरू अघि बढाउँदा ६० करोड रूपैयाँ भन्दाबढी

बाँकी ३ पेजमा ➲

सहकारीहरूमा तीन प्रतिशत ब्याजदर घट्यो

दमक/ सहकारी संस्थाहरुले सदस्यहरुसँग कर्जा लगानीमा लिने अधिकतम ब्याजदरको सीमा घटाएको छ। सहकारीबाट ऋण लिने सदस्यका लागि ब्याजदर घटेको हो। सहकारी रजिस्ट्रारको कार्यालयले ऋणमा लिन पाउने अधिकतम ब्याजदर १३ प्रतिशत कायम गरेको छ। बुधबार जारी निर्देशनअनुसार नयाँ ब्याजदर असोज १ गतेदेखि लागू हुनेछ। यसअघि सहकारी संस्थाले ऋणमा अधिकतम १६ प्रतिशतसम्म ब्याज लिन पाउने व्यवस्था थियो।

निर्धारित १३ प्रतिशतको सीमाभित्र रहेर सहकारी संस्थाले बचत र ऋणको ब्याजदरबीचको अन्तर ६ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था गरिएको छ। संस्थाले आफ्नो कारोबारको अवस्था, आवश्यकता र औचित्य विश्लेषण गरी १३ प्रतिशतभन्दा कम ब्याजदर पनि निर्धारण गर्न सक्नेछन्। निर्देशनले ऋणसँग सम्बन्धित प्रशासनिक, सेवा, नवीकरण, फाराम दस्तुरलगायत अतिरिक्त शुल्क लिनसमेत रोक लगाएको छ। सहकारीले सदस्यबाट यस्ता शीर्षकमा थप रकम असुल्न नपाउने व्यवस्था गरिएको हो।

बाँकी ६ पेजमा ➲

उपमेयर र वडाध्यक्षलाई एमालेले गर्‍यो निष्काशन

भोजपुर/ भोजपुर नगरपालिकाकी उपप्रमुख निर्मला शेर्पालाई नेकपा एमालेले पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्काशनको कारवाही गरेको छ। नेकपा एमाले कोशी प्रदेश कमिटी पदाधिकारीको बिहीबार बसेको बैठकले शेर्पालाई कारबाही गर्दै अनुमोदनका लागि केन्द्रीय कमिटीमा सिफारिस गरेको हो।

०७९ को निर्वाचनमा एमालेबाट उप प्रमुखमा निर्वाचित भएकी शेर्पाले निरन्तर पार्टी विरुद्ध अभिव्यक्ति दिएको, पार्टी हितविपरीत कार्य गरेको आरोप लगाइएको छ। नेकपा एमाले प्रदेश कमिटी अध्यक्ष घनश्याम खतिवडाले जिल्लाबाट कारवाहीका लागि सिफारिस भएर आएकाले कारबाही गरिएको बताए।

म्यानपार कम्पनीहरुलाई विभागको निर्देशन

झापा/ वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा पठाएका नेपाली श्रमिकको अवस्थाबारे विवरण बुझाउन म्यानपावर कम्पनीहरूलाई निर्देशन दिएको छ।

विभागले २१ असोजभित्र अनिवार्य विवरण उपलब्ध गराउन निर्देशन दिएको हो। विभागले गत असारमा इजाजतपत्र प्राप्त संस्थाले प्रत्येक ३/३ महिनामा आफूले वैदेशिक रोजगारीमा पठाएका नेपाली श्रमिकको अवस्था सम्बन्धी प्रगति विवरण विभागमा उपलब्ध गराउन निर्देशन दिएको थियो। सोही आधारमा विभागले ताकेता गरेको हो।

विभागले श्रमिकको हक, हित र सुरक्षा ध्यानमा राख्दै सम्बन्धित विवरण इजाजतपत्र प्राप्त संस्थाले विभागको अनुगमन शाखामा अनिवार्य उपलब्ध गराउनुपर्ने जनाएको छ।

विभागका अनुसार वैदेशिक रोजगारीमा गएका प्रत्येक श्रमिक सुरक्षित रूपमा सम्बन्धित गन्तव्य मुलुकमा पुगे वा नपुगेको विवरण १५ दिनभित्र प्राप्त गर्नुपर्ने छ। त्यसका लागि म्यानपावर कम्पनीले श्रमिकसँग सम्पर्क गरी विवरण संकलन गर्नुपर्ने छ। यस्तै श्रमिकले वैदेशिक रोजगार सम्झौता अनुसार काम, तोकिएको तलब तथा अन्य सेवा-सुविधा पाए-नपाएको विषयमा पनि प्रत्यक्ष सम्पर्क गरी विवरण तयार पार्न विभागले निर्देशन दिएको छ। श्रमिकको संकलित अवस्था तथा विवरण इजाजतपत्र प्राप्त संस्थाले श्रमिक उडान भएको २० दिनभित्र विभागको संस्था अनुगमन शाखामा इमेल मार्फत पेस गर्नुपर्ने छ। विभागले उक्त निर्देशन पालना नगर्ने वा नेपाली श्रमिकको अवस्थाबारे सूचना अद्यावधिक नगर्ने इजाजतपत्र प्राप्त संस्थामाथि वैदेशिक रोजगार ऐन २०६४ बमोजिम कारबाही हुने चेतावनी समेत दिएको छ ।

नेपाल-भारत व्यापार सम्बन्धी बैठक

झापा/ नेपाल र भारतबिच व्यापार, पारवहन तथा अनाधिकृत व्यापार नियन्त्रणसम्बन्धी अन्तर सरकारी उपसमितिको बैठक शुक्रबार भारतमा सम्पन्न भएको छ। दुई दिनसम्म चलेको बैठकमा द्विपक्षीय व्यापार, पारवहन सुविधा र आर्थिक सहयोग सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको भारतको उद्योग, वाणिज्य मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार दुवै देशका बिचमा कृषि, डेरी, खाद्य, औषधी, चिकित्सा उपकरणको बजार पहुँचलाई सहज बनाउने विषयमा कुराकानी भएको छ। भन्सार प्रक्रियालाई सहज बनाउन पूर्व सूचना आदानप्रदानका साथै उत्पत्ति प्रमाणपत्र इलेक्ट्रोनिक प्रमाणीकरण, भन्सार स्वचालन तथा डिजिटलाइजेशनलाई प्राथमिकता दिने विषयमा सहमति भएको बताइएको छ।

रेल तथा सडक सञ्जाल, एकीकृत जाँच चौकी र ल्यान्ड पोर्ट पूर्वाधारको प्रभावकारी उपयोग गर्दै द्विपक्षीय तथा पारवहन व्यापारमा देखिएका सञ्चालनगत बाधा हटाइने सहमति भएको मन्त्रालयले जनाएको छ। सीमापार वैध व्यापार सहजीकरण गर्दै अनधिकृत व्यापार र

बाँकी ६ पेजमा ➲

हार्दिक बधाई तथा शुभकामना



यस दमक बहुमुखी क्याम्पसका पुर्ब बिद्यार्थी, अङ्ग्रेजी बिषयका प्रखर अनुसन्धाता, साहित्यिक ब्यक्तित्व, दमक बहुमुखी क्याम्पसलाइ अत्यन्तै नजिक सम्झने सहयोगी **प्रा. डा. हेमराज काफ्ले** काठमाण्डौ बिश्वबिद्यालयको डिनमा नियुक्त हुनु भएकोमा सम्पूर्ण क्याम्पस परिवार हर्षविभोर भएका छौं ।
यस सुखद अवसरमा नवनियुक्त डिन प्रा.डा.काफ्लेलाई **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** ब्यक्त गर्दछौं ।

यज्ञराज गिरी
(क्याम्पस प्रमुख)

एवम् **दमक बहुमुखी क्याम्पस परिवार**
दमक–झापा

संविधानको मर्म र दलहरूको बदलिँदो जनमत

नेपालले २०८३ को संविधान दिवस मनाइसकेको छ। २०७२ असोज ३ गते जारी भएको संविधानलाई केवल एउटा दस्तावेजका रुपमा होइन, लामो राजनीतिक संघर्ष, जनआन्दोलन, समावेशिता र संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत उपलब्धिका रूपमा बुझिन्छ। संविधानको प्रस्तावनाले दिगो शान्ति, सुशासन, विकास र समृद्धिलाई राज्यको प्रमुख आकांक्षाका रूपमा अघि सारेको छ।

तर संविधान दिवस मनाउँदै गर्दा एउटा गम्भीर राजनीतिक प्रश्न पनि उठेको छ–संविधान जारी गर्ने निर्णायक राजनीतिक शक्तिहरू आज किन कमजोर अवस्थामा पुगे?

हालको प्रतिनिधिसभाको संरचनाले राजनीतिक जनमतमा आएको ठूलो परिवर्तन देखाउँछ। २०८२ को निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टी १८२ सिटसहित सबैभन्दा ठूलो दल बनेको छ भने नेपाली कांग्रेस ३८, नेकपा एमाले २५ र नेपाली कम्युनिष्ट पार्टी १७ सिटमा सीमित छन् ।

यो परिवर्तनलाई केवल दल परिवर्तनका रुपमा बुझ्नु पर्याप्त हुँदैन यसभित्र मतदाताको अपेक्षा, असन्तुष्टि र राजनीतिक संस्कृतिको बद्लिँदो दृष्टिकोण पनि जोडिएको छ । पुराना दल किन कमजोर भए ? भन्ने प्रश्नको एउटै उत्तर छैन । एउटा विश्लेषणले उनीहरुले संविधानको मर्म अनुसार सुशासन, सेवा प्रवाह, सामाजिक न्याय जवाफदेहिता र आर्थिक अवसर सृजना गर्न नसकेको बनाउँछ ।

त्यसैले संविधान दिवस केवल दीप प्रज्ज्वलन र औपचारिक शुभकामनामा सीमित हुनुहुँदैन। यो दलहरुका लागि आत्मसमीक्षाको दिन पनि हुनुपर्छ। पुराना दलका लागि जनमतले दिएको सन्देशलाई स्वीकार गर्दै नेतृत्व, नीति र कार्यशैलीमा परिवर्तन गर्ने चुनौती छ। नयाँ शक्तिका लागि पनि जनताको विश्वास प्राप्त गर्नु र त्यसलाई परिणाममा बदल्नु उत्तिकै ठूलो परीक्षा हो।

अन्ततः संविधान कुनै एक दलको सम्पत्ति होइन, नागरिकको साझा राजनीतिक सम्झौता हो। दलहरु आउँछन्, जान्छन्, तर संविधानको मर्म–लोकतन्त्र, समावेशिता, अधिकार, सुशासन र समृद्धि–जनताको जीवनमा स्थापित हुनुपर्छ। यही कार्यान्वयनको स्तरले संविधानको सफलता र राजनीतिक दलहरूको भविष्य दुवै निर्धारण गर्नेछ।

सहकारीको साख फर्काउने अभियानमा जुट्ने कि ?

✍ यादव घिमिरे

३१ हजारभन्दा बढी संस्थाहरू र ७३ लाखभन्दा बढी सदस्यहरू आबद्ध भएको नेपालको बलियो आर्थिक खम्बा सहकारी क्षेत्र आज इतिहासकै सबैभन्दा खराब संकट र अविश्वासको अँध्यारो सुरुङबाट गुज्रिरहेको छ ।

नेपालमा सहकारीको ऐतिहासिक पृष्ठभूमि र महत्व

सहकारी केवल पैसाको लेनदेन गर्ने अखडा मात्र होइन, बरु समाजमा आर्थिक सुरक्षा, सामाजिक न्याय र बलियो आपसी सद्भाव निर्माण गरी दिगो शान्ति स्थापना गर्ने एक पवित्र मानवीय मञ्च हो। नेपालको संविधानले पनि यही मर्मलाई आत्मसात गर्दै सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको विकासका लागि सार्वजनिक र निजी क्षेत्र सरह तेस्रो खम्बाको रूपमा अंगीकार गरेको छ ।

वि.सं. २०१३ मा चितवनको उर्वर भूमिमा बखान सहकारी संस्थाको स्थापना भएसँगै सुरु भएको नेपालको आधुनिक सहकारी यात्राले आज देशैभर तीन दशकभन्दा लामो कालखण्ड पार गरिसकेको छ। देशका कुनाकाप्चामा फैलिएका ३१ हजारभन्दा बढी सहकारी संस्थाहरू, ७३ लाखभन्दा बढी सेयर सदस्य र अर्बौंको बचतसहितको यो विशाल सञ्जालले विशेषगरी ग्रामीण क्षेत्रको अर्थतन्त्र उकास्न, वित्तीय पहुँच पुर्याउन र विपन्न वर्गलाई उद्यमशीलतासँग जोड्न अतुलनीय भूमिका खेलेको इतिहास साक्षी छ ।

रैथाने परम्परा र सहकार्यको संस्कृति

वास्तवमा नेपाली समाजमा सहकार्यको इतिहास निकै पुरानो र मौलिक छ। आधुनिक युगमा सहकारी संस्थाका रूपमा कानुनी दर्ता हुनभन्दा धेरै अघिदेखि नै हाम्रा पुर्खाहरूले मौलिक र परम्परागत रूपमा सहकार्यको अभ्यास गर्दै आएका थिए । नेपाली परिवेशमा पुस्तौँदेखि चलिआएको 'परमा प्रथा' यसको सबैभन्दा सुन्दर र जीवन्त उदाहरण हो, जहाँ खेतीपातीको समयमा एकअर्काको खेतमा अर्मपर्म गरेर श्रमको सामूहिक आदानप्रदान गरिन्छ। त्यस्तै नेवारी समुदायमा सामाजिक, सांस्कृतिक र धार्मिक कार्यहरूलाई थितिमा बाँध्न र सामूहिक रूपमा कार्य सम्पन्न गर्न स्थापित 'गुठी प्रणाली' तथा थकाली एवं अन्य समुदायमा आर्थिक गर्जो टार्न र बचतको चक्र चलाउन सञ्चालन गरिने 'ढिकुटी वा धुकुटी प्रथा' नेपाली माटोमा हुर्केका रैथाने सहकारीका रूप हुन् ।

यी मौलिक अभ्यासहरूले नेपालीहरूको रगतमा नै सहकार्य, आपसी विश्वास र संकटको समयमा एकले अर्कालाई सघाउने भावना कति गहिरोसँग भिजेको छ भन्ने कुरा प्रमाणित गर्छन यही सामाजिक पूँजी र विश्वासको जगमा नै नेपालमा आधुनिक सहकारी आन्दोलन फस्टाएको हो।

वर्तमान संकट र यसका कारक तत्वहरू

पछिल्लो तीन-चार वर्षको समयमा नेपालको सहकारी क्षेत्र आफ्नो इतिहासकै सबैभन्दा दुःखलाग्दो, गम्भीर र अँध्यारो संकटको भुमरीमा फसेको छ । सहरी क्षेत्रका केही बचत तथा ऋण सहकारीका सञ्चालकहरूको चरम मानवीय लोभ, कमजोर कानुनी नियमन र सहकारीका आधारभूत मूल्य-मान्यता विपरीतका कार्यहरूले गर्दा लाखौं सर्वसाधारण बचतकर्ताको पसिनाको कमाइ आज धरापमा परेको छ । नियमनको अभावमा जथाभावी रूपमा घरजग्गा र गाडी जस्ता अनुत्पादक क्षेत्रमा लगानी फस्दा सहकारीहरूमा तरलता अर्थात नगदको चरम अभाव चुलिन पुग्यो।

फलस्वरूप, आफ्नो दुःखजिलो कमाइ फिर्ता नपाउँदा हजारौँ नागरिकहरूको आँसुले सहकारीको साखलाई धमिलो बनाइदिएको छ। ओरिएन्टल, सिभिल, सुप्रिम, सूर्यदर्शन वा कान्तिपुर जस्ता ठूला सहकारीहरूमा देखिएको वित्तीय संकट र बचत अपचलनका घटनाहरूले आज बजारमा त्रास फैलाएका छन दिनभर ठेलागाडा चलाएर, चिया बेचेर वा वैदेशिक रोजगारीमा गएर पठाएको पैसा सुरक्षित होला भनी सहकारीमा राख्ने आम सर्वसाधारण आज सडकमा रोइरहेका दृश्यहरूले राष्ट्रकै विवेकलाई गिज्याइरहेका छन् ।

संकटका बीच आशाको किरण ।ः नमुना र सफल सहकारीहरू

यस्तो गम्भीर वित्तीय संकट र अविश्वासको वातावरणका बीच पनि नेपालमा केही यस्ता उत्कृष्ट, सफल र नमुना सहकारी संस्थाहरू छन् जसले आन्तरिक सुशासन, कडा स्वनियमन र सदस्य-केन्द्रित नीतिका कारण आफ्नो साखलाई उच्च राख्न सफल भएका छन

उदाहरणका लागि, नवलपरासीको मध्य नेपाल र बिकु सहकारी, काभ्रेको बिन्धबासिनी र सामुदायिक सहकारी संस्थाहरुले वित्तीय पारदर्शिता र सदस्यहरूसँगको बलियो सम्बन्धका कारण राष्ट्रिय रूपमै नमुना छवि बनाएका छन त्यस्तै काठमाडौँको चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाले उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार समेत प्राप्त गरी सहरी क्षेत्रमा पनि सहकारीलाई सुरक्षित रूपमा चलाउन सकिन्छ भन्ने प्रमाणित गरेको छ । रूपन्देहीको जनउत्थान सहकारी, झापाको सहारा नेपाल साकोस र नेपाल बहुउद्देश्यीय सहकारी तथा कैलालीको किसान बहुउद्देश्यीय सहकारी र नवजीवन सहकारीले मोफसलमा रहेर लाखौं सदस्यहरूमाझ बैंकिङभन्दा पनि उत्कृष्ट र भरपर्दो वित्तीय पहुँच पुर्याएका छन यी नमुना सहकारीहरूले यो प्रमाणित गर्छन् कि सिद्धान्त र नियममा चल्ने हो भने संकटले संस्थालाई छुन सक्दैन ।

राज्य र नियमनकारी निकायको आधुनिक कदम

सहकारीको वर्तमान संकटको मुख्य जड फितलो सरकारी नियमन प्रणाली नै हो । संघीयता कार्यान्वयनको सङ्क्रमणकालमा नियमनकारी भूमिकामा देखिएको अन्योलता र ढिलासुस्तीले गर्दा यो क्षेत्र अराजक बन्न पुग्यो। स्थानीय तहले ससाना सहकारी त हेर्न सक्थे, तर अर्बौंको कारोबार गर्ने ठूला सहकारीहरूको अनुगमन गर्ने प्राविधिक क्षमता र जनशक्ति सिंहदरबारको अधिकार गाउँगाउँमा पुग्दा पनि स्थानीय तहमा पुग्न सकेन ।

त्यसैले अब सरकारले परम्परागत सहकारी विभागको सीमित दायराबाट माथि उठेर केन्द्रीय बैंक जस्तै स्वायत्त, शक्तिशाली र साधन-स्रोत सम्पन्न सहकारी प्राधिकरणको गठन गर्नुपर्थ्यो, जुन हालसालै मात्र गठन गरी आफ्नो काम सुरु गरेको छ। प्राधिकरणले सबै सहकारीहरूलाई अनिवार्य रूपमा डिजिटल प्रणालीमा आबद्ध गराई नियमनकारी निकायले आफ्नै कार्यकक्षबाट वास्तविक समयमा नै संस्थाको वित्तीय स्वास्थ्य र चलखेलको अनुगमन गर्न सक्ने प्रविधिको विकास गर्ने काम समेत सुरु गरिसकेको छ । सर्वसाधारणको पसिनाको कमाइ हिनामिना गर्ने र दायित्वबाट भाग्ने दोषीहरूको सम्पत्ति रोक्का गरी बचत असुलउपर गर्ने काम समेत द्रुत गतिमा सुरु भइसकेको छ । समस्याग्रस्त सहकारीका पीडित बचतकर्ताहरूको आँसु पुछ्नका लागि बचत सुरक्षा कोषको व्यावहारिक कार्यान्वयन गर्दै राज्यको बजेट र संयन्त्रको सही सदुपयोग गरी नागरिकमा राज्यप्रतिको भरोसा जगाउनु पहिलो सर्त हो ।

सञ्चालकहरूको दायित्व र पारदर्शी व्यवस्थापन

सहकारीको मुटु र मस्तिष्क मानिने सञ्चालक समितिले आफ्नो व्यक्तिगत स्वार्थको त्यान्द्रोलाई त्यागेर विशुद्ध रूपमा सदस्यहरूको हितका लागि समर्पित हुन सिक्नुपर्छ। सहकारी ऐन र यसका वैश्विक मूल्य मान्यताको पूर्ण पालना गर्दै गैर-सदस्यहरूसँगको अवैध कारोबार र तोकिएको सीमाभन्दा बढी ऋण दिने आत्मघाती कदम तत्काल रोकिनुपर्छ ।

प्रत्येक वर्ष पारदर्शी रूपमा निरपेक्ष लेखापरीक्षण गराउने, साधारण सभालाई नियमित र अर्थपूर्ण बनाउने तथा संस्थाको वास्तविक वित्तीय अवस्थाबारे सदस्यहरूलाई सत्य-तथ्य जानकारी दिनु नै सञ्चालकहरूको परम कर्तव्य हो। नाफा कमाउने अन्धो दौडमा लागेर जोखिमपूर्ण र अनुत्पादक क्षेत्रमा लगानी गर्नुको साटो संकलित पूँजीलाई उत्पादनमूलक कृषि, साना तथा मझौला उद्योग र स्वरोजगारमूलक क्षेत्रमा प्रवाह गरिनुपर्छ ।

पूँजीको उत्पादनशील परिचालन र आत्मनिर्भरता

संकलित पूँजीलाई अनुत्पादक क्षेत्रबाट मोडेर उत्पादनशील क्षेत्रमा लगाउनु आजको मुख्य आवश्यकता हो। नेपालकै परिप्रेक्ष्यमा इलामका चिया उत्पादक सहकारीहरू वा काभ्रे र चितवनका दुग्ध उत्पादक सहकारीहरूले जसरी स्थानीय किसानहरूलाई गोलबद्ध गरेर उद्यमशीलता र समृद्धिको नयाँ बहस सिर्जना गरेका छन्, त्यसैगरी बचत तथा ऋण सहकारीहरूले पनि उत्पादनशील क्षेत्रमा आफ्नो लगानी मोड्न आवश्यक छ । जब संकलित पूँजीले गाउँमै साना उद्योग, अर्गानिक खेती वा पशुपालनमा रोजगारी सिर्जना गर्छ, तब मात्र भुइँतहका नागरिकहरू आत्मनिर्भर बन्नेछन् र देशको अर्थतन्त्रले पनि सही दिशा समात्नेछ ।

सेयर सदस्य, बचतकर्ता र ऋणीहरूको सजगता

सहकारीको वास्तविक मालिक र पहरेदार भनेका बचतकर्ता र सेयर सदस्यहरू नै हुन्, तर कतिपय अवस्थामा सदस्यहरू मूकदर्शक बनिदिँदा वा सजगता नअप्लाउँदा सञ्चालकहरूलाई बदमासी गर्ने छुट मिल्यो ।

हामीकहाँ सहकारीका सदस्यहरूले वर्षमा एकपटक साधारण सभामा जाने, त्यहाँ बाँडिने भत्ता वा उपहार बुझ्ने र सञ्चालकहरूले जेजस्तो प्रतिवेदन पेस गरे पनि ताली पड्काएर फर्किने जुन परिपाटी छ, त्यसले नै विकृतिलाई मलजल गरेको हो । अबका दिनमा सदस्यहरू केवल बजारको औसतभन्दा बढी ब्याजको लोभमा परेर आफ्नो अमूल्य पूँजी जोखिममा पार्ने भूल गर्नुहुँदैन। रकम जम्मा

बाँकी ६ पेजमा ➲

ॐ सतासी सहकारीको २७ औं साधारण सभा

दमक/दमक-६ स्थित ॐ सतासी वचत तथा ऋण सहकारी संस्थाले २७ औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । शुक्रबार आयोजित साधारण सभाको कार्यक्रममा अध्यक्ष राजेन्द्र दंगालले वार्षिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समिति संयोजक यज्ञप्रसाद सुवेदीले लेखा प्रतिवेदन प्रस्तुत गरेका छन् । ति दुवै प्रतिवेदन सुझावसहित सर्वसम्मतिबाट पारित गरिएको छ । सहकारीको शेयर १ करोड ४७ लाख ७८ हजार ७२५ रुपैयाँ, वचत ९ करोड ३२ लाख ७६ हजार १३७ रुपैयाँ र कर्जा लगानी ८ करोड ८६ लाख ५४ हजार ७२५ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष राजकुमार श्रेष्ठले सो सहकारीका केही फरक विशेषताहरु रहेको बताए । विद्यमान अवस्थामा सहकारी क्षेत्रमा विभिन्न समस्याहरु देखिए पनि ॐ सतारी विधि, प्रकृया र नियममा चल्ने सहकारी भएको हुँदा सबैले सहयोग र विश्वास गर्नुपर्छ भन्ने उनको भनाई थियो ।

साधारण सभामा यसपटक उत्कृष्ट कर्मचारीका रुपमा रोमन तिम्सिनालाई नगद ५ हजार सहित प्रमाण पत्र दिएर पुरस्कृत गरिएको छ । त्यस्तै कक्षा १२ को परीक्षामा उत्कृष्ट जीपीए ल्याउने शेयर सदस्यका छोरा छोरीमध्ये शेयर सदस्य अनिल न्यौपानेकी छोरी अन्शु न्यौपाने र अर्का शेयर सदस्यका छोरा अनमोल अधिकारीलाई जनही नगद ३ हजार र प्रमाण पत्रबाट पुरस्कृत एवं सम्मानित गरिएको छ । कार्यक्रममा संचालक सदस्य तिलु राईले पनि शुभकामना मन्तव्य राखेको व्यवस्थापक हेमकुमारी दंगालले जानकारी गराइन् ।

सञ्चालक सदस्य उमा सिटौलाले स्वागत मन्तव्य राखेको कार्यक्रममा अध्यक्षता सहकारीका अध्यक्ष राजेन्द्र दंगाल र कार्यक्रम संचालन आलोपालो गरी उपाध्यक्ष टेकबहादुर चेम्जोङ साथै संचालक सदस्य फूलमाया नेम्वाङले गरेका थिए ।

सहकारीहरूमा...... सहकारी संस्थाले निर्धारण गरेको ब्याजदर सबै सदस्यले जानकारी पाउने गरी वेबसाइट वा अन्य माध्यमबाट अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्नेछ । एउटै प्रकृतिको बचत तथा ऋणमा सदस्य, सञ्चालक, पदाधिकारी, लेखा सुपरिवेक्षण समिति, उपसमिति, व्यवस्थापक तथा कर्मचारीबीच फरक ब्याजदर कायम गर्नसमेत नपाइने भएको छ । त्यस्तै, ऋण प्रवाह गर्दा रकम सम्बन्धित ऋणी सदस्यको व्यक्तिगत खातामा जम्मा गर्नुपर्नेछ। सदस्यले व्यक्तिगत रूपमा लिएको ऋण दायित्वभन्दा बढी भार सिर्जना हुने गरी संस्थाको दायित्वसँग जोडेर थप ऋण भार थोपर्न नपाइने व्यवस्था पनि निर्देशनमा गरिएको छ ।

कोशीका..... स्रोत व्यवस्थापन गर्नुपर्ने बताइएको छ ।

मन्त्री आचार्यले अधुरा योजना अघि बढाउँदा आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि मुख्यमन्त्री र अर्थमन्त्रीसँग आवश्यक समन्वय गर्ने आश्वासन दिएका छन् ।

मन्त्री आचार्यले भने, 'सरकार र निर्माण व्यवसायी एकअर्काका साझेदार हुन् । व्यवसायीहरूले इमानदारिताका साथ तोकिएको केही महिनाभित्रै काम सक्ने प्रतिबद्धता जनाएकाले सरकारले अन्तिम पटक म्याद थप र बजेट व्यवस्थापनमा सहजीकरण गर्नेछ । तर, काममा कुनै पनि बहानामा ढिलासुस्ती सह्य हुने छैन ।' उनले मुख्यमन्त्री र अर्थ मन्त्रालयको सल्लाह बमोजिम स्रोतको व्यवस्थापन गरिने तर काम भने युद्धस्तरमा अघि बढ्नुपर्ने अडान राखेका छन् ।

मन्त्रीको सकारात्मक जवाफपछि निर्माण व्यवसायीहरू उत्साहित देखिएका थिए । निर्माण व्यवसायी महासंघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष केशरबहादुर बुढाथोकीले मन्त्रीको सकारात्मक पहलले आफूहरूलाई नयाँ ऊर्जा दिएको बताए । यस सहमतिसँगै प्रदेशका विभिन्न जिल्लामा रोकिइरहेका सडक योजनाहरूले पूर्णता पाउने र सर्वसाधारणले सहज यातायातको सुविधा पाउने अपेक्षा गरिएको छ ।

रुख–बिरुवा रोपौं, वातावरण जोगाऔं,
वन क्षेत्रमा चरिचरन बन्द गरौं ।
आगलागी तथा डढेलोबाट
वन क्षेत्रलाई जोगाऔं ।

कमल गाउँपालिका
गाउँपालिकाको कार्यालय
तोपगाछी (झापा)

सहकारीको......

गर्नुअघि संस्थाको कानुनी वैधानिकता, सञ्चालकहरूको पृष्ठभूमि र विगतको इतिहास राम्ररी बुझ्नुपर्छ। साधारण सभामा अनिवार्य उपस्थित भई हिसाबकिताब र नीतिहरूमाथि कडा प्रश्न उठाउने हिम्मत सदस्यहरूले राख्नुपर्छ। अर्कोतर्फ, सहकारीबाट ऋण लिने ऋणीहरूले पनि उक्त रकम आफ्नै छिमेकी र साथीभाइहरूको पसिनाको कमाइ हो भन्ने कुरा आत्मसात गर्दै समयमै सावाँ-ब्याज भुक्तान गरी संस्थालाई संकटबाट बचाउन जिम्मेवार बन्नुपर्छ।

कर्मचारी र छाता संगठनहरूको व्यावसायिक भूमिका

सहकारीको दैनिक रथलाई हाँक्ने कर्मचारीहरूको व्यावसायिकता र इमानदारीले नै संस्थाको सुखद भविष्य तय गर्दछ। त्यसैले नातावादको दलदलबाट मुक्त भई तालिमप्राप्त, वित्तीय क्षेत्रका विषयविज्ञ र दक्ष जनशक्ति मात्र भर्ना गरिनुपर्छ। कर्मचारीहरूले संस्थामा आउने हरेक सदस्यसँग शिष्ट, मर्यादित र पारदर्शी व्यवहार गर्दै सहकारीलाई अपनत्वको केन्द्र बनाउनुपर्छ।

यसैगरी, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) जस्ता शीर्षस्थ छाता संगठनहरूले आफ्ना सदस्य संस्थाहरू संकटमा पर्दा मूकदर्शक बन्न मिल्दै न । बजारमा तरलताको अभाव देखिँदा वा अफवाह फैलाइँदा छाता संगठनहरूले अभिभावकीय भूमिका निर्वाह गर्दै संकटबाट उकास्न प्राविधिक सहयोग, वित्तीय परामर्श र आपसी समन्वयको हात बढाउनु उनीहरूको परम दायित्व हो । स्वनियमनका लागि कडा आचारसंहिता निर्माण गरी त्यसको अक्षरशः पालना गराउन यी संघहरूले दृढ इच्छाशक्ति देखाउनैपर्छ ।

निष्कर्षः सहकारीको सुन्दर भविष्य र साख पुनर्स्थापना

निष्कर्षमा, नेपालका सहकारीमा देखिएको वर्तमान दुर्दशा केही व्यक्तिको असीमित लालच र नियमनको कमजोरीको तीतो परिणाम मात्र होस सहकारीको सुन्दर विचार र दर्शन आफैँमा खराब कहिल्यै हुन सक्दैन। सहकारी त समाजलाई जोड्ने, विपन्नलाई सम्पन्न बनाउने र सामूहिक समृद्धि हासिल गर्ने एक पवित्र माध्यम हो। गुमेको जनविश्वास र साख फिर्ता ल्याउनका लागि अब केवल भाषण र नारामा अल्झिएर पुग्दैन। सरकारको कडा नियमन र निरपेक्ष कारबाही, सञ्चालकहरूको अटुट इमानदारी, कर्मचारीहरूको व्यावसायिकता र बचतकर्ताहरूको निरन्तर सजगताको त्रिवेणी बग्न जरुरी छ ।

जब हामी हाम्रा रैथाने परमा वा गुठी जस्ता पवित्र र निष्कपट सहकार्यका भावनाहरूलाई आधुनिक प्रविधि र कानुनी सुशासनसँग जोड्न सफल हुनेछौँ, तब मात्र संकटका काला बादलहरू हटेर जानेछन सबै सरोकारवालाहरूले आ-आफ्नो जिम्मेवारीलाई धर्म सम्झेर पालना गरेमा सहकारी क्षेत्र पुनः नेपाली अर्थतन्त्रको सबैभन्दा बलियो, सुरक्षित र भरपर्दो खम्बाका रूपमा नेपाली आकाशमा जगमगाउनेछ ।

(लेखक घिमिरे काठमाडौं महानगरपालिकाका पूर्व निर्देशक हुन)

साप्ताहिक राशिफल

असोज ०४ गते आइतबारदेखि असोज १० गते शनिबारसम्म

ज्यो. दुर्गाप्रसाद भण्डारी

मेष (चू,चे,चो,ला,लि,लू,ले,लो,अ) यो साता सुरुवातसँगै रोकिएको धन फिर्ता आउनाले आर्थिक स्थिति सबल र सन्तुलित रहनेछ। खानपानमा ध्यान नदिँदा पेटसम्बन्धी समस्या देखिन सक्ने भएकाले सचेत रहनुहोला। पठनपाठनमा मन जानेछ र प्रतिस्पर्धात्मक परीक्षामा सफलता मिल्नेछ। कार्यक्षेत्रमा नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै पदोन्नतिको योग बनेको छ। समयमै काम सम्पन्न हुनाले उत्साह थपिनेछ। धार्मिक कार्यमा सहभागी हुनाले आत्मसन्तुष्टि मिल्नेछ। सदैव भगवान सूर्यलाई तामाको लोटाबाट जल अर्घ्य दिएर दिनको सुरुवात गर्नुहोला कार्यमा सफलता मिल्नेछ।

वृष (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो) पुराना स्वास्थ्य समस्याबाट मुक्ति मिल्नेछ साथै शारीरिक स्फूर्ति बढ्नेछ। कार्यक्षेत्रमा सहकर्मीको पूर्ण सहयोग प्राप्त भई जटिल कामहरू सहजै पुरा हुनेछन्। अनावश्यक खर्च बढ्न सक्ने भएकाले खर्चको हिसाबकिताब गरेर अघि बढ्नु बुद्धिमानी हुनेछ। साताको मध्यतिर व्यावहारिक शिक्षातर्फ ध्यान दिँदा विद्यार्थीहरूलाई राम्रो नतिजा मिल्नेछ। लेनदेनको पारदर्शिताले व्यापारमा मुनाफा हुनेछ। योग तथा ध्यानमा समय बिताउँदा मानसिक तनाव घट्नेछ। सदैव देवी लक्ष्मीको आराधना गरी दिनको सुरुवात गर्नुहोला धनधान्यमा वृद्धि हुनेछ। यो साताको शुभ रंग सेतो र खैरो हो भने शुभ अंक २ र ६ रहेको छ।

मिथुन (का,की,कू,घ,ङ,छ,के,को,हा) साताको सुरुवातसँगै पठनपाठनमा नयाँ विषय सिक्ने उत्सुकता बढ्नेछ साथै अध्ययनमा प्रगति हुनेछ। आम्दानीका नयाँ स्रोतहरू पहिचान हुनाले आर्थिक स्थिति सुदृढ बन्नेछ। मौसम परिवर्तनका कारण रुघाखोकीको जोखिम रहेको हुनाले स्वास्थ्यमा सजगता अपनाउनुहोला। शेयर बजारमा गरिएको लगानीले राम्रो प्रतिफल दिनेछ। प्रेमी प्रेमिकाबीच रमाइलो भेटघाट र भविष्यको योजना बन्नेछ। परिवारमा कुनै शुभ कार्यको आयोजना हुनेछ। सदैव भगवान गणेशको पूजा गरी दिनको सुरुवात गर्नुहोला रोकिएका काम बन्नेछन्। यो साताको शुभ रंग हरियो र सेतो हो भने शुभ अंक ५ र ९ रहेको छ।

कर्कट (ही,हू,हे,हो,डा,डी,डु,डे,डो) पारिवारिक जीवनमा मधुरता आउनेछ। सन्तानको प्रगतिले घरमा खुसीको वातावरण सिर्जना गर्नेछ। कार्यक्षेत्रमा उच्च अधिकारीबाट प्रशंसा मिल्नेछ। कार्यक्षमताका आधारमा तपाईको मान सम्मान बढ्नेछ। नियमित व्यायाम र सन्तुलित आहारले शरीर निरोगी र ऊर्जावान् रहनेछ। साताको मध्यमा अनुसन्धानमूलक अध्ययनमा ठूलो सफलता मिल्नेछ। दैनिक उपभोग्य वस्तुको व्यापारमा राम्रो धन लाभ हुनेछ। विवेकपूर्ण सोचले मन शान्त राख्नेछ। मनमा शान्ति र सफलता मिल्नेछ। यो साताको शुभ रंग सेतो र सुनौलो हो भने शुभ अंक २ र ८ रहेको छ।

सिंह (मा,मी,मू,मे,मो,टा,टी,टू,टे) साताको सुरुवातमा व्यापार व्यवसायमा नयाँ साझेदारी हुनेछ जसले दूरगामी फाइदा दिलाउनेछ। कार्यक्षेत्रमा नेतृत्वदायी भूमिका निभाउने अवसर प्राप्त हुनेछ तर हडबडमा निर्णय नगर्नुहोला। धनलाभ र भौतिक सुविधामा वृद्धि हुनेछ। टाउको दुख्ने समस्याले सताउन सक्छ सतर्कता अपनाउनुहोला। उच्च शिक्षाका विद्यार्थीहरुका लागि यो साता विशेष उपलब्धिमूलक रहनेछ। दाजुभाइ र नातेदारहरूसँग पारस्परिक सहयोग आदानप्रदान हुनेछ। आत्मबल उच्च रहनेछ। यो साताको शुभ रंग पहेंलो र कलेजी हो भने शुभ अंक १ र ३ रहेको छ।

कन्या (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो) यो साता विश्लेषणात्मक क्षमतामा वृद्धि हुनाले कठिन निर्णयहरू पनि सही साबित हुनेछन् ।कार्यक्षेत्रमा कामको चाप बढ्नाले मानसिक तनाव हुनसक्छ ।अनावश्यक खर्चमा नियन्त्रण आउनेछ र बचत बढाउन सकिनेछ ।जोर्नी र ढाड दुख्ने समस्याले सताउन सक्ने भएकाले ध्यान दिनुहोला ।लेखन कला तथा साहित्यको क्षेत्रमा जोडिएका विद्यार्थीहरूलाई राम्रो अवसर मिल्नेछ ।साताको अन्त्यतिर सेवामूलक परामर्शसम्बन्धी व्यवसायमा प्रगति हुनेछ । यो साताको शुभ रंग हरियो र निलो हो भने शुभ अंक ५ र ९ रहेको छ।

तुला (रा,री,रु,रे,रो,ता,ती,तू,ते) प्रेम तथा वैवाहिक सम्बन्धमा मधुरता आउनेछ। सामूहिक काममा उल्लेखनीय सफलता मिल्नेछ ।बिलासी वस्तु तथा मनोरञ्जनमा खर्च बढ्नेछ तर आम्दानीको गति पनि राम्रो रहनेछ। साताको मध्यमा छालासम्बन्धी एलर्जीको समस्या हुन सक्ने भएकाले सरसफाइमा ध्यान दिनुहोला ।व्यवस्थापन र कानुनी विषय पढ्ने विद्यार्थीहरूका लागि उत्कृष्ट समय छ। सौन्दर्य र कलासम्बन्धी व्यापारमा लाभ मिल्नेछ। पारिवारिक समस्याहरूको व्यावहारिक समाधान खोज्ने समय मिल्नेछ ।यो साताको शुभ रंग नीलो र पहेलो हो भने शुभ अंक ६ र ७ रहेको छ।

वृश्चिक(तो,ना,नी,नू,ने,नो,या,यी,यू) साताको सुरुवातमा आर्थिक दृष्टिकोणले अप्रत्याशित अचानक धन लाभ हुने योग बनेको छ। कार्यक्षेत्रमा प्रतिस्पर्धीहरू सक्रिय हुन सक्छन् सावधान रहनुहोस् । विज्ञान र प्रविधि क्षेत्रका विद्यार्थीले ठूलो सफलता पाउनेछन् । जोखिमयुक्त व्यापारिक काममा सोचविचार गरेर मात्र हात हाल्नुहोला। साताको मध्यमा प्रेम सम्बन्धमा गोपनीयता कायम राख्नुपर्ने स्थिति आउन सक्छ ।घरपरिवारका जेष्ठ नागरिकको स्वास्थ्यलाई लिएर चिन्ता हुन सक्छ। यो साताको शुभ रंग रातो र गुलाबी हो भने शुभ अंक २ र ५ रहेको छ।

धनु (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे) विदेश यात्रा वा वैदेशिक कामको खोजीमा हुनुहुन्छ भने यो साता बलियो योग बनेको छ। कार्यक्षेत्रमा उत्कृष्ट कार्यसम्पादनका कारण मान सम्मान र पद प्रतिष्ठामा वृद्धि हुनेछ। लगानी बढाउनका लागि नयाँ स्रोत र अवसरहरूको सिर्जना हुनेछ। शरीरमा नयाँ ऊर्जा र ताजगी महसुस हुनाले काममा स्फूर्ति आउनेछ ।वैदेशिक व्यापार पर्यटन र सेयर क्षेत्रमा उच्च प्रतिफल मिल्नेछ। प्रेमीसँगको सम्बन्ध परिपक्व बन्दै विवाहको कुराकानी अघि बढ्न सक्छ। यो साताको शुभ रंग पहेंलो र सेतो हो भने शुभ अंक ३ र ७ रहेको छ।

मकर (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी) साताको सुरुवातसँगै स्वास्थ्यमा सजगता अपनाउनुहोला। कामको चापले गर्दा शारीरिक थकान र कमजोरी महसुस हुन सक्छ ।कार्यक्षेत्रमा स्थानान्तरणको प्रबल सम्भावना छ। स्थिर सम्पत्तिमा गरिएको लगानीले राम्रो फल दिनेछ। प्राविधिक विषयका विद्यार्थीहरूका लागि व्यावहारिक ज्ञान बढाउने अवसर मिल्नेछ। पुराना रोकिएका व्यापारिक योजनाहरू पुन सञ्चालनमा आउनेछन् । साताको अन्त्यमा जीवनसाथीसँग घरायसी कुरामा छलफल हुनेछ। सदैव शिवजीको स्मरण गरी दिनको सुरुवात गर्नुहोला बाधाहरू हट्नेछन् । यो साताको शुभ रंग कालो र खैरो हो भने शुभ अंक ८ र ९ रहेको छ।

कुम्भ (गू,गे,गो,सा,सी,सू,से,सो,दा) साताको सुरुवातसँगै स्वास्थ्यमा सजगता अपनाउनुहोला। कामको चापले गर्दा शारीरिक थकान र कमजोरी महसुस हुन सक्छ। कार्यक्षेत्रमा स्थानान्तरणको प्रबल सम्भावना छ । स्थिर सम्पत्तिमा गरिएको लगानीले राम्रो फल दिनेछ । प्राविधिक विषयका विद्यार्थीहरूका लागि व्यावहारिक ज्ञान बढाउने अवसर मिल्नेछ। पुराना रोकिएका व्यापारिक योजनाहरू पुन सञ्चालनमा आउनेछन् । साताको अन्त्यमा जीवनसाथीसँग घरायसी कुरामा छलफल हुनेछ। सदैव शिवजीको स्मरण गर दिनको सुरुवात गर्नुहोला बाधाहरू हट्नेछन् । यो साताको शुभ रंग कालो र खैरो हो भने शुभ अंक ८ र ९ रहेको छ।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)अध्ययन-अध्यापनमा सङ्गीत, कला तथा दर्शनशास्त्रका विद्यार्थीहरूका लागि समय अत्यन्तै अनुकूल छ । आम्दानी र खर्चको सन्तुलन मिलाउन केही चुनौती आउन सक्छ। खानपान र दैनिक जीवनशैलीमा सुधार ल्याउनुपर्ने आवश्यकता छ। आयात-निर्यात वा वैदेशिक वस्तुको व्यापारमा राम्रो नाफा हुनेछ। भावनात्मक निकटता बढ्नेछ र एक अर्काको भावनाको कदर हुनेछ। घरमा शान्ति र सौहार्दपूर्ण वातावरण कायम रहनेछ। मनोरञ्जनात्मक वा जलयात्राको योजना बन्न सक्छ। यो साताको शुभ रंग पहेंलो र बैजनी हो भने शुभ अंक ३ र ९ रहेको छ।

मोडल सहकारीको १५ औं साधारण सभामा सम्मान र पुरस्कार

सञ्चालक समिति सर्वसम्मत चयन

दमक/ दमक ६ स्थित मोडल बचत तथा ऋण सहकारी संस्थाले १५ औं बार्षिक चुनावी साधारण सभा सम्पन्न गरेको छ । संस्थाले शनिबार दमक उद्योग वाणिज्य संघको सभाकक्षमा औपचारिक समारोहबीच साधारण सभा सम्पन्न गर्दै आगामी चार बर्षे कार्यकालका लागि नयाँ सञ्चालक समिति समेत चयन गरेको छ । संस्थाको विनियम अनुसार सञ्चालक समितिमा दिपक बरालसहित मातृका ओझा, अम्बिका खड्का, प्रकाश खनाल, खेमलाल काफ्ले, अर्जुन चौहान लगायत सर्वसम्मत चयन भएका र सञ्चालक सदस्यहरुको पहिलो बैठकबाट पदाधिकारीहरुको टुंगो लाग्ने निर्वाचन समितिका सदस्य चुडामणी ओझाले जानकारी दिए । त्यस्तै विश्वेश्वर प्रसाद मिश्रको संयोजकत्वमा लेखा सुपरिवेक्षण समिति पनि सर्वसम्मत चयन भएको छ ।

संस्थाका अध्यक्ष भोला बरालको सभापतित्व र झापा जिल्ला सहकारी संघका अध्यक्ष प्रेमकुमार कोइरालाको प्रमुख आतिथ्यमा भएको साधारण सभामा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य गोकूल श्रेष्ठ, दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाइँ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सो अवसरमा संस्थाले हरेक बर्षझैं यो बर्ष पनि ज्येष्ठ शेयर सदस्यहरुलाई अभिभावकका रुपमा सम्मान गरेको छ भने संस्थामा उत्कृष्ट कारोबार गर्ने सदस्यहरुलाई पनि पुरस्कार तथा सम्मान प्रदान गरेको छ ।संस्थाको सञ्चालक समितिका तर्फबाट बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष भोला बरालले सदस्यहरुको सेवामा केन्द्रित कार्यक्रमहरु अघि सारिएको बताए ।

संस्थाले लगानी बढाउने

सो सहकारी संस्थाले शेयर सदस्यहरुबाट संकलित निक्षेप रकमलाई अधिकतम उपयोग गर्दै संस्थाको नियमानुसार आगामी बर्ष कर्जा लगानी बढाउने नीति लिएको छ । सो सहकारीले हाल संस्थाको कर्जा लगानी ६ करोड ८ लाख रुपैयाँ रहेकोमा चालू आर्थिक बर्षमा यसको कर्जा लगानी ७ करोड ५० लाख रुपैयाँ पुरयाउने लक्ष्य लिएको बार्षिक प्रतिवेदनमा उल्लेख छ । त्यस्तै शेयर पुंजी हाल ९१ लख ४० हजार रुपैयाँ रहेकोमा चालू आर्थिक बर्ष २०८३/०८४ मा १ करोड ५० लाख रुपैयाँ पुरयाउने संस्थाले लक्ष्य लिएको छ ।

बिर्तामोडकी मनिला राईको खोजी गरिदिन अपिल

बिर्तामोड/ झापाको बिर्तामोड नगरपालिका-५ सुब्बाचोकको ४० वर्षीया मनिला राई नौ दिनदेखि बेपत्ता भएकी भन्दै परिवारले खोजीका लागि सार्वजनिक अपिल गरेका छन् । भदौ २३ गते घरबाट निस्किएकी राई त्यसयता परिवारको सम्पर्कमा नआएको उनका दाजु सोमबहादुर राईले बताए ।

मनिलाको खोजीका लागि परिवारले आफन्त तथा सम्भावित स्थानमा खोजी गर्नुका साथै इलाका प्रहरी कार्यालयमा समेत जानकारी गराएको छ । मानसिक अवस्था कमजोर रहेकी मनिला घरबाट निस्किएपछि बिर्तामोड पश्चिम स्टेन्ड आसपासमा देखिएको जानकारी पाए पनि त्यसपछि उनको अवस्था अज्ञात रहेको दाजु सोमबहादुरले बताए । “नौ दिन भयो, घरबाट हिँडेको अहिलेसम्म पत्ता लागेको छैन । सबैतिर खोजी गरिसक्यौँ”, उहाँले भन्नुभयो, “बहिनी सम्पर्कविहीन भएपछि परिवारमा ठूलो चिन्ता थपिएको छ ।” मनिला घरबाट निस्कँदा मेहेन्दी रङको कुर्ता-सुरुवाल लगाएकी थिइन् । उनको उचाइ करिब ५ फिट रहेको परिवारले जनाएको छ । परिवारले मनिलालाई देख्ने वा उनको अवस्थाबारे कुनै जानकारी पाउने व्यक्तिलाई नजिकैको प्रहरी कार्यालय वा उनका दाजु सोमबहादुर राईको मोबाइल नम्बर ९८१४०२८५६७ मा सम्पर्क गरिदिन आग्रह गरेको छ ।

बिर्ताज्योति आँखा अस्पताल दमकमा
वरिष्ठ आँखा विशेषज्ञ डाक्टरहरुको सेवा
डा. राजेश श्रेष्ठ | डा. शान्ति गुरुङ
ओपिडी समय : बिहान ७ बजेदेखि बेलुका ६ बजेसम्म
शनिबार : बिहान १० बजेदेखि ५ बजेसम्म

बिर्ताज्योति आँखा अस्पताल प्रा.लि.
दमक-५, बेलडाँगी रोड ०२३-५७१२२२/५७६२२२

रुख-बिरुवा रोपौं, वातावरण जोगाऔं, वन क्षेत्रमा चरिचरन बन्द गरौं । आगलागी तथा डढेलोबाट वन क्षेत्रलाई जोगाऔं ।
चुलाचुली गाउँपालिका, चुलाचुली इलाम

मेनुका राजवंशी एशियाली खेलकुदमा भाग लिँदै

जापानको आयोजनामा आगामी असोज ३ देखि १८ (सेप्टेम्बर १९ देखि अक्टोबर ४) सम्म सञ्चालन भइरहेको २०औं एसियाली खेलकुदमा नेपाली महिला कबड्डी टोलीले सहभागिता जनाउँदै छ । मोरङको जहदा नगरपालिका-३ निवासी मेनुका कुमारी राजवंशीले कबड्डी खेलमा सहभागिता जनाएकी छिन् ।

मेनुका कोशी प्रदेशबाट यस पटकको एसियाली खेलकुदमा सहभागी हुने एक मात्र खेलाडी हुन् । यसअघि चीनको हाङचाओमा सम्पन्न १९औं एसियाली खेलकुदमा पनि नेपाली महिला कबड्डी टोलीबाट उनले सहभागिता जनाएकी थिइन् । त्यहाँ नेपाली टोलीले आफ्नो पहिलो सहभागितामै ऐतिहासिक कांस्य पदक हासिल गरेको थियो । त्यही खेलकुदबाट नेपालले पहिलोपटक एसियाली स्तरमा महिला कबड्डीमा पदक हासिल गरेको थियो ।

गत संस्करणमा हासिल गरिएको सफलतालाई निरन्तरता दिँदै यस पटक पनि नेपाली महिला कबड्डी टोलीले उच्च तथा ऐतिहासिक प्रदर्शन गर्दै पदक हासिल गर्ने अपेक्षा गरिएको छ । कोशी प्रदेशका लागि यो खुसीको क्षण भएको र प्रदेशकी

एक मात्र प्रतिनिधि खेलाडीको रूपमा मेनुका राजवंशीको प्रदर्शनप्रति सबैको उत्सुकता तथा अपेक्षा बढेको छ ।

सात बिद्यार्थीलाई रोटरी क्लब अफ दमकको छात्रवृत्ति

दमक/ रोटरी क्लब अफ दमकले सरस्वती माध्यमिक विद्यालयका सात जना जेहेन्दार तथा आर्थिक रूपमा कमजोर विद्यार्थीलाई ‘रोटरी महेश्वरा छात्रवृत्ति’ प्रदान गरेको छ ।

रोटा वर्षअनुसार सेप्टेम्बरलाई आधारभूत शिक्षामा लगानी गर्ने महिनाका रूपमा अघि बढाउँदै क्लबले यस वर्ष पनि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको हो। रोटरियन डा. लेखनाथ न्यौपानेले स्थापना गरेको ‘रोटरी महेश्वरा छात्रवृत्ति’मार्फत प्रत्येक विद्यार्थीलाई रु. ५ हजार नगद, स्कुल ब्याग तथा स्टेसनरी सामग्री प्रदान गरिएको छ ।

कार्यक्रमका लागि इन्टरेक्ट क्लब अफ जेम्सले रु. ५ हजार बराबरको शैक्षिक सामग्री सहयोग गरेको छ। त्यस्तै, छात्रवृत्ति अभियानमा डा. लेखनाथ न्यौपानेबाट रु. २१ हजार, रोटरी क्लब अफ दमकबाट रु. १४ हजार तथा क्लबका सचिव देवेन्द्र बरालबाट स्कुल ब्याग विद्यार्थीलाई हस्तान्तरण गरिएको रोटरी क्लब अफ दमकले जनाएको छ।

कार्यक्रममा दमक नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष कुबेर भट्टराई ,सरस्वती मावी दमक -९ का प्रधानाध्यापक सीताराम ढकाल,बिद्यालय व्यवस्थापन समिती अध्यक्ष गगन पुरी,जीवन चक्र समाजका प्रतिनिधि ,विभिन्न रोटरीयनहरु,इन्ट्रयाक्ट क्लव अफ जेम्सका प्रतिनिधिहरु ,विभिन्न क्लबका प्रतिनिधिहरु ,विद्यार्थी अभिभावक तथा महेश्वरा छात्रावृतीका सस्थापक लेखनाथ न्यौपाने लगायत उहाँको परिवारको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको छ । शिक्षाबाटै विद्यार्थीको भविष्य निर्माण हुने भएकाले आर्थिक अभावका कारण अध्ययनमा समस्या भोगिरहेका विद्यार्थीलाई सानो भए पनि सहयोग पुर्याउने उद्देश्यले कार्यक्रमलाई निरन्तरता दिइएको क्लबका अध्यक्ष रोटरियन सागर श्रेष्ठले बताए ।

प्रत्येक शुक्रबार सिटी सफारी चालकलाई प्रशिक्षण

मंगलमय माविलाई जिल्लामै सर्वोत्कृष्टताको सम्मान

दमक/ शैक्षिक सत्र २०८२ सालको माध्यमिक शिक्षा परीक्षामा ४.० जीपीएसहित सर्वोत्कृष्ट नतिजा हासिल गर्न सफल भएकोमा शिक्षा विकास तथा समन्वय एकाइ, झापाले कमल ५ लखनपुरस्थित मंगलमय माविलाई सम्मान गरेको छ । राष्ट्रिय शिक्षा दिवस २०८३ तथा संविधान दिवसको विशेष अवसरमा आयोजित एक कार्यक्रमका बीच विद्यालयलाई सो सम्मान प्रदान गरिएको हो । बिद्यालयका प्रधानाध्यापक मोहन बगालेले सो सम्मान ग्रहण गर्दै यो उपलब्धीका लागि सबैलाई धन्यवाद दिएका छन् ।

माध्यमिक शिक्षा परिक्षा २०८२ मा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याएकोमा जिल्ला शिक्षा तथा समन्वय इकाई झापाबाट सम्मानित हुँदै झापा मोडल अंग्रेजी मा.वि. । सम्मान ग्रहण गर्दै संस्थापक निर्देशक जयबहादुर श्रेष्ठ ।

ढुकढुकी युवा क्लब कमल ६ को नेतृत्व चयन

दमक/ढुकढुकी युवा क्लब कमल ६ लखनपुरको आगामी दुई वर्षे कार्यकालको लागि नेतृत्व चयन भएको छ । अध्यक्ष सुखराज तेजु आङदेम्बे उपाध्यक्ष दिनेश संग्रौला सचिव दुर्गा बहादुर खड्का, सहसचिव प्रशान्त ताजपुरिया , कोषाध्यक्ष निर्मला थापा र सह- कोषाध्यक्षमा झुमा संग्रौला सर्वसम्मत चयन भएका छन् । सदस्यहरुमा देवेन्द्र पराजुली, बहादुर ताजपुरीया, बिक्रम राइ, भावना खड्का, दिल कुमारी थापा, देवान वि.क. दिक्षान्त अधिकारी, रामबाबु शाह र : लिला भण्डारी चयन भएका छन् । लेखा समिति संयोजकमा सागर रेग्मी सदस्य कमल मिश्र र सिर्जना गेलाल चुनिएका जनाइएको छ ।

कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राईको प्रमुख आतिथ्यमा यसै साता सम्पन्न भएको क्लबको २२ औं साधारण सभा तथा ११औं अधिवेशनबाट सो समिति सर्वसम्मत चयन भएको हो । क्लबले विभिन्न सामाजिक गतिबिधीहरु गर्दै आएकाले समाज रुपान्तरणमा यसको भुमिका सशक्त किसिमको रहेको भन्दै गाउँपालिका अध्यक्ष राईले शुभकामनासहित क्लबका नेतृत्वकर्ताहरुको प्रशंसा गरेका छन् ।

दमकमा सप्ताहव्यापी गणेश पूजा

दमक/ झापाको दमकमा पहिलोपटक गणेश चतुर्थीको अवसर पारेर सामुहिक रुपमा सप्ताहव्यापी गणेश पूजा तथा आरधना गरिएको छ । दमक नगर पालिका-६ स्थित जेसीज चोकमा सञ्चालन भएको सो पूजाको दमक नगर पालिकाका प्रमुख राम थापाले वैदिक विधिअनुसार भगवान गणेशको मूर्तिमा प्राणप्रतिष्ठा तथा अनावरण गर्दै शुभारम्भ गरेका छन् । सो अवसरमा नगर प्रमुख राम थापाले धार्मिक तथा सांस्कृतिक गतिविधिले समाजलाई एकताबद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले दमकमा पहिलोपटक सुरु गरिएको गणेश पूजालाई व्यवस्थित र निरन्तर सञ्चालन गर्न स्थानीय तहका तर्फबाट आवश्यक सहयोग र सहकार्य गरिने उल्लेख गरे ।

गणेश पूजा आराधना एवं विश्व शान्ति स्थापना समितिको आयोजनामा सुरु गरिएको पूजामा दैनिक रूपमा भगवान गणेशको पूजा आराधना, भजन तथा आर ती गरि ने आयोजक समितिका सदस्य जनक कार्कीले जानकारी दिए । उनका अनुसार धार्मिक आस्था र संस्कृतिको संरक्षणसँगै सामाजिक सद्भाव तथा विश्व शान्तिको कामना गर्दै पूजा आयोजना गरिएको हो ।

पूजा आयोजक समितिका संयोजक प्रकाश बुढाथोकीको अध्यक्षतामा भएको शुभार म्भ कार्यक्रममा मूल पुजारी प्रेम गौतमले भगवान गणेशलाई विघ्नहर्ता तथा शुभकार्यका देवताका रूपमा पूजा गरिने उल्लेख गर्दै गणेश आराधनाले सकारात्मक सोच, आपसी सद्भाव र शान्तिको भावना विकास गर्ने बताए । आयोजक समिति सदस्य रोहित आचार्यले स्वागत गरेको कार्यक्रममा ताप्लेजुङस्थित पाथीभरा धामका पुजारी डिल्लीराम आचार्य तथा पाथीभरा बाबा, सशस्त्र प्रहरी उपरीक्षक दिनेश बस्नेत लगायतको उपस्थिति रहेको थियो । गणेश पूजा असोज ५ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । पूजाको अवसर मा लोकप्रिय भजन टोली ‘नमन’को विशेष भजन कन्सर्टसमेत आयोजना गरिएको थियो ।

द.नं. ३/१/७/५२४/२०६७/०६८

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा
स्था.: २०६७

१६ औं बार्षिक साधारणसभा सम्बन्धीको सूचना

यस सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८३।०५।११ गते बसेको संचालक समितिको बैठकले यहि मिति २०८३।०६।२३ गते शुक्रबारका दिन संस्थाको १६ औं बार्षिक साधारणसभा गर्ने निर्णय भए अनुसार उक्त साधारणसभामा सहभागिताको लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा सम्बन्धी पहिलो संशोधन निर्देशिका २०७६ को अधिनमा रही सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको साधारणसभा सम्बन्धी निर्णय प्रमाणित गर्न सहकारी नियमावली २०७५ को दफा ७६ (झ) बमोजिम निम्न मिति, स्थान र समयमा प्रतिनिधि छानिने भएको हुँदा आ-आफ्नो सेवाकेन्द्र अन्तर्गतका ईकाइ/उपईकाइहरुमा गरिने साधारणसभामा यहाँहरुलाई अनिवार्य उपस्थितिको लागि सूचना गरिएको छ। यसै सूचनालाई आधार मानी प्रतिनिधि छनौट कार्यक्रममा सहभागी भई साधारणसभाको प्रतिनिधित्व गरीदिनुहुन हार्दिक अनुरोध गर्दछु।

क्र.सं.	प्रथम ईकाइगत	क्र.सं.	दोश्रो ईकाइगत	क्र.सं.	तेश्रो ईकाइगत
१	इलाम	१	बरगाछी, उर्लाबारी	१	गौरादह
२	मंगलबारे इलाम	२	दाम्राभिट्टा	२	गौरीगंज
३	नेपालटार	३	मधुमल्ला	३	पाङ्गाजुँगी
४	राँके	४	मंगलबारे, मोरङ	४	पुरानोआम्दा, दमक
मिति	२०८३।०६।१६ गते, शुक्रबार	५	पथरी	मिति	२०८३।०६।१८ गते, आइतबार
स्थान	कवर्ड हल, नेपालटार	मिति	२०८३।०६।१६ गते, शुक्रबार	स्थान	उद्योग वाणिज्य संघको सभाहल, दमक
समय	विहान ११ बजेबाट	स्थान	ग्राण्ड होटलको सभाहल, उर्लाबारी	समय	विहान ११ बजेबाट
		समय	विहान ११ बजेबाट		

क्र.सं.	चौथो ईकाइगत	क्र.सं.	पाँचौ ईकाइगत	क्र.सं.	छैटौं ईकाइगत
१	दुधे	१	बनियानी	१	बुधबारे
२	कामाटोली	२	भद्रपुर	२	चारआली
३	लक्ष्मीपुर	३	चन्द्रगढी	३	धुलाबारी
४	शिवगंज	मिति	२०८३।०६।१९ गते, सोमबार	४	काँकरभिट्टा
५	सुरुङ्गा	स्थान	दुर्गा पाञ्चायन मन्दिर, धनुषमोड, चन्द्रगढी	मिति	२०८३।०६।१९ गते, सोमबार
मिति	२०८३।०६।१८ गते, आइतबार	समय	विहान ११ बजेबाट	स्थान	कृष्ण पार्टी प्यालेस, धुलाबारी
स्थान	जेसीज भवन, सुरुङ्गा			समय	विहान ११ बजेबाट
समय	विहान ११ बजेबाट				

क्र.सं.	सातौं ईकाइगत
१	वितबिजार
२	विर्तामोड
३	गरामनी
४	शनिश्चरे रोड
मिति	२०८३।०६।२० गते, मंगलबार
स्थान	आदर्श ब्याङवेट, पुरानो भद्रपररोड, विर्तामोड
समय	विहान ११ बजेबाट

क्र.सं.	उपईकाइ-१	क्र.सं.	उपईकाइ-२	क्र.सं.	उपईकाइ-३
१	फिक्कल	१	बेलबारी	१	फिदिम
२	हर्कटे	२	विराटचोक	मिति	२०८३।०६।१५ गते, बिहिबार
३	नयाँबजार	३	लेटाङ	स्थान	जिल्ला समन्वय समितिको सभाहल, फिदिम
४	पशुपतिनगर	४	रमाईलो	समय	विहान ११ बजेबाट
५	श्रीअन्तु	मिति	२०८३।०६।१४ गते, बुधबार		
मिति	२०८३।०६।१४ गते, बुधबार	स्थान	बुद्धिष्ट गुम्बा, गुम्बा लाईन, बेलबारी		
स्थान	मानेक्याम फुटसल, फिक्कल	समय	विहान ११ बजेबाट		
समय	विहान ११ बजेबाट				

क्र.सं.	उपईकाइ-४	क्र.सं.	उपईकाइ-५
१	गोलधाप	१	खुदुनाबारी
२	राजगढ	२	शनिश्चरे
मिति	२०८३।०६।१५ गते, विहिबार	३	सितली
स्थान	सामुदायिक भवन, राजगढ	मिति	२०८३।०६।१७ गते, शनिबार
समय	विहान ११ बजेबाट	स्थान	जनता माध्यमिक विद्यालयको सभाहल, खुदुनाबारी
		समय	विहान ११ बजेबाट

मुल माईनेट प्रमाणित सभा	
मिति	२०८३।०६।२३ गते, शुक्रबार
स्थान	आदर्श ब्याङवेट, पुरानो भद्रपुररोड, विर्तामोड
समय	विहान ११ बजेबाट

-संचालक समिति

सूर्यदर्शन साकोसको साधारण सभाउद्घाटन

कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार

दमक/ दमकमा सञ्चालित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाले १७ औं बार्षिक साधारण सभा अन्तर्गतका कार्यक्रमहरु शुक्रबारदेखि शुरु गरेको छ । संस्थाको आफ्नै सभाहलमा आयोजित कार्यक्रमबीच झापा जिल्ला सहकारी संघका अध्यक्ष प्रेमकुमार कोइरालाले साधारण सभाको उदघाटन गरे ।

अध्यक्ष कोइरालाले झापाका सहकारी संस्थाहरु मध्ये कारोबारका आधारमा सूर्यदर्शन सहकारी जिल्लाकै पाँचौं ठुलो सहकारी संस्थाका रुपमा रहेको उल्लेख गरे । उनले शेयर सदस्यहरुले संस्थाका सम्पूर्ण कार्यक्रमहरुको समीक्षा र भावी योजनाहरुको तर्जुमा गर्ने थलोनै साधारण सभा भएकाले यसलाई महत्वसाथ लिएर अधिकतम उपयोग गर्न सुझाव दिए ।

सूर्यदर्शन सहकारीका अध्यक्ष टिकाराज सापकोटाको अध्यक्षतामा भएको साधारण सभाको उदघाटनको अवसर पारेर संस्थाको स्थापनाकालदेखि नै कार्यरत हालै मात्रै अवकाश प्राप्त कर्मचारी गोपाल पौडेललाई नगद र सम्मान पत्रबाट सम्मान गरिएको थियो । त्यस्तै संस्थाले आर्थिक बर्ष २०८२/०८३ को सर्वोत्कृष्ट कर्मचारीका रुपमा मेषराज आचार्यलाई सम्मान गरिएको छ । त्यसैगरी संस्थाले गत आर्थिक बर्षमा कार्यालय खुलेका सबै दिन नियमित रुपमा हाजिर भइ अनुशासित र कर्तव्यनिष्ट भएर आफ्नो आफ्नो जिम्मेवारी पुरा गर्ने आठ जना कर्मचारीलाई पनि नगद पुरस्कारसहित सम्मान गरेको छ । संस्थाका कर्मचारीहरुलाई अध्यक्ष सापकोटा, प्रमुख अतिथी कोइरालासहित अतिथीहरुले सम्मान गरेका छन् । सो अवसरमा अध्यक्ष सापकोटा र लेखा समिति संयोजक डिल्लीराम मुखियाले संस्थाको बार्षिक लेखा सुपरिवेक्षण प्रतिवेदन प्रस्तुत गरेका छन् ।

करीब डेढ अर्ब लगानी

साधारण सभा उदघाटनमा बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष टिकाराज सापकोटाले २०८३ को असार मसान्त सम्ममा संस्थाले झण्डै डेढ अर्ब रुपैयाँ लगानी गरेको जानकारी दिए । प्रतिवेदनमा जनाइए अनुसार असार मसान्त सम्ममा कूल १ अर्ब ४६ करोड ८७ लाख रुपैयाँ कर्जा लगानी रहेको छ ।

कर्जाको ब्याजदर समय सापेक्ष परिवर्तन गरिएको, लगानी पूर्व गरिने अध्ययन ५ सी विश्लेषण तथा ऋण सदुपयोगितालाई प्रभावकारी बनाई उत्पादनशील क्षेत्रमा प्रति शेयर सदस्य बढीमा १ करोड रुपैयाँ सम्म लगानी गर्ने नीति अवलम्बन गरिएको पनि उल्लेख छ । संस्थामा बाह्य कर्जा तथा सापटी करीब १० करोड रुपैयाँ रहेको र चालू आर्थिक बर्षको अन्त्य सम्ममा सबै बाह्य कर्जा कम गर्दै लगिने नीति पनि अवलम्बन गरिएको अध्यक्ष सापकोटाद्धारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले कर्जा असुलीका क्रममा आफ्नो नाममा कायम गरिएका गैर बैंकिङ सम्पत्ती (धितो) विक्रीका लागि प्रकृया अघि बढाउने प्रस्ताव पनि अघि सारेको छ । १२ करोड शेयर पुँजी, जगेडा कोषमा ११ करोड

संस्थाको चुक्ता शेयर पुँजी गत असार मसान्त सम्ममा १२ करोड ३३ लाख २५ हजार रुपैयाँ पुगेको छ । संस्थाले नयाँ शेयर सदस्यलाई न्यूनतम १० हजार शेयर खरिद गर्न र पुराना शेयर सदस्यलाई शेयर थप गर्न प्रोत्साहन गरिने नीति संस्थाले लिएको छ । त्यस्तै संस्थाको साधारण जगेडा कोषमा ११ करोड ४७ लाख ६९ हजार रुपैयाँ र अन्य कोषहरु तर्फ ८४ लाख ९९ हजार रुपैयाँसहित १२ करोड ३२ लाख रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

नेपाल...... व्यापारिक धोखाधडी नियन्त्रण गर्न दुवै देश बिच सहकार्य गर्ने सहमति भएको बताइएको छ । बैठकले नेपाल र भारत बिचको द्विपक्षीय व्यापार, पारवहन र आर्थिक सम्बन्धलाई थप उचाइमा पुर्याउने सहमति गरेको छ । बैठकको नेतृत्व नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव बुद्धबहादुर गुरुङले गर्नुभएको थियो भने भारतीय प्रतिनिधिमण्डलको नेतृत्व वाणिज्य विभागका सहसचिव उज्ज्वल कुमार घोषले गरेका थिए ।

ॐ मेची हस्पिटल दमकमा

इमर्जेन्सी सेवा २४ सै घण्टा ।

डा. सुजित हुजदार	डा. हरिमोहन चौधरी
एमबीबीएस काठमाडौं युनिभरसिटी, नेपाल मेडिकल कलेज	एमबीबीएस काठमाडौं युनिभरसिटी, लुम्बिनी मेडिकल कलेज

ओ.पी.डी.मा वरिष्ठ प्रसुती तथा स्त्री रोग विशेषज्ञ डाक्टरहरुको सेवा

डा. निरञ्जनसिंह बोगटी	डा. शंकरप्रसाद हुजदार
प्रत्येक आइतबार, मंगलबार र बिहीबार	प्रत्येक सोमबार बुधबार र शनिबार

समय : बिहान ८ बजेदेखि १२ बजेसम्म र दिउँसो २ देखि ४ बजेसम्म

ॐ मेची हस्पिटल, दमक-७, झापा

ग्लोबललाई जिल्ला शिक्षा समन्वयको सम्मान

दमक/ ग्लोबल एजुकेशन एकेडेमी दमक २०८२ सालको माध्यमिक शिक्षा परीक्षामा सम्मिलित भएका विद्यालयहरू मध्ये ४ जीपीए सहित उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालयको रुपमा सम्मानित भएको छ । जिल्ला शिक्षा समन्वय इकाई झापाले संविधान दिवस तथा राष्ट्रिय शिक्षा दिवस २०८३ को अवसरमा सो बिद्यालयलाई सम्मान गरिएको हो । बिद्यालयका प्राचार्य गुणराज अधिकारीले बिद्यालयको तर्फबाट सो सम्मान ग्रहण गरेका छन् ।

वाणिज्य संघ र रेडक्रसबाट प्रधानमन्त्री राहत कोषमा सहयोग

दमक/रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि दमक उद्योग वाणिज्य संघले ४१ लाख रुपैयाँभन्दा बढीको सहयोग गरेको छ । संघले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. २ लाख ४३ हजार ३७५ सहयोग रकम प्रदान गरेको छ। साथै, बाढीपीडितका लागि आवश्यक जिन्सी सामग्रीतर्फ रु. ३८ लाख २८ हजार २० रुपैयाँ बराबरको सहयोग समेत उल्लेख गरिएको छ । संघका अध्यक्ष गोपाल गुरागाइँ, प्रथम उपाध्यक्ष रुवल अधिकारी, तृतीय उपाध्यक्ष सुवासचन्द्र गर्तौलासहित पदाधिकारी, सदस्यहरुको टोलीले बिहीबार इलाका प्रशासन कार्यालय दमकमा पुगेर सो रकम बराबरको बैंकिङ चेक हस्तान्तरण गरेको हो ।

विपद्को समयमा सामाजिक उत्तरदायित्व बहन गर्दै प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुर्याउने उद्देश्यले सो सहयोग गरेको अध्यक्ष गुरागाइँले बताए । त्यसैगरी नेपाल रेडक्रस सोसाइटी दमक नगरपालिका समितिले पनि १ लाख ११ हजार १ सय ११ रुपैयाँ राहत रकम बराबरको चेक प्रदान गरेको छ ।

शिखा साकोसको बार्षिक प्रतिवेदन सार्वजनिक

दमक/ दमकस्थित शिखा बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १५औँ वार्षिक साधारणसभाको प्रतिवेदन सार्वजनिक गरेको छ । दमक-६ स्थित संस्थाको कार्यालयमा शुक्रबार आयोजित आगामी साधारणसभामा प्रस्तुत गरिने आर्थिक प्रतिवेदन तथा नीति तथा कार्यक्रम सार्वजनिक गरिएको हो ।

असोज ९ र १० गते आयोजना हुने १५औँ वार्षिक साधारणसभाका लागि करिब ४१ करोड रुपैयाँको वासलातसहितको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै सदस्यको आर्थिक समृद्धि, संस्थागत विकास तथा सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर आगामी नीति तथा कार्यक्रम अघि बढाइएको संस्थाका व्यवस्थापक तुल्सी राजवंशीले जानकारी दिए ।

सहकारीले वित्तीय कारोबारसँगै सामाजिक उत्तरदायित्व र मानवीय सेवाका गतिविधिलाई समेत आफ्नो कार्ययोजनाको महत्वपूर्ण हिस्सा बनाएको छ । सदस्यहरूको आर्थिक हित संरक्षणसँगै समुदायप्रतिको दायित्वलाई प्राथमिकतामा राख्दै संस्थाले आगामी दिनका कार्यक्रम अघि बढाउने प्रतिबद्धता जनाएको हो ।

कार्यक्रममा संस्थाका अध्यक्ष तेजकुमार श्रेष्ठ, उपाध्यक्ष हरि लामा, सचिव तीर्थराज चाम्लिङ राई, व्यवस्थापक तुलसी राजवंशी लगायत सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमितिका पदाधिकारी तथा सदस्यहरू, कर्मचारी र शेयर सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

संस्थाका अनुसार आगामी असोज ९ गते गौरादह सेवा केन्द्रको कार्यालयमा र असोज १० गते दमक-६ स्थित पशुपति मन्दिरको सभाहलमा १५औँ वार्षिक साधारणसभा सम्पन्न हुनेछ ।

■ प्रकाशक/सम्पादक : सुशीला पौडेल,
■ मुद्रण : अरुण छापाखाना दमक-६,झापा,
■ कार्यकारी सम्पादक : विष्णु प्रसाद पौडेल,
■ सम्पर्क नं. ९८४२६६६३१४
■ Gmail: nishkarshamedia2078@gmail.com